# भाग ५

## नेपाल सरकार
## अर्थ मन्त्रालयको
## सूचना

नेपाल सरकारले धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा ६२ ले दिएको अधिकार प्रयोग गरी प्रचलित कानून वमोजिम स्थापना भएका बैंक वा वित्तीय संस्थाहरुले देहायका शर्तहरुको अधिनमा रही आफ्नो पूँजी लगानी गरेर छुट्टै सहायक कम्पनी मार्फत नेपाल धितोपत्र वोर्डबाट अनुमती लिई लगानी सम्बन्धी विद्यमान नीतिगत व्यवस्था तथा अन्य प्रचलित कानूनी व्यवस्था अन्तर्गत सहायक कम्पनी स्थापना गरेर मात्र धितोपत्र निष्कासन तथा विक्री प्रवन्धक, धितोपत्र व्यापारी, वजार निर्माता, शेयर रजिष्ट्रार, लगानी व्यवस्थापक तथा धितोपत्रको प्रत्याभूतकको रुपमा कारोवार गर्न सक्ने गरी तोकेकोले यो सूचना प्रकाशन गरिएको छ :-

(क) पब्लिक लिमिटेड कम्पनीको रुपमा संस्थापन भई कम्तीमा ३० प्रतिशत शेयर सर्वसाधारणको लागि निष्काशन गर्नु पर्ने,

(ख) सहायक कम्पनीको वासलात लगायतका वित्तीय विवरण मुख्य कम्पनीको विवरणसंग अनिवार्यरुपमा एकीकृत गर्नु पर्ने,

(ग) सहायक कम्पनीको वित्तीय विवरणको लेखापरीक्षण नेपाल राष्ट्र बैंकमा सूचीकृत लेखापरिक्षकबाट मात्र गराउनु पर्ने,

(घ) सहायक कम्पनीको नियमन गर्ने निकायले Long Form Audit Report को ढाँचा तयार गरी लेखापरिक्षकबाट सोही बमोजिमको वित्तीय सूचना प्राप्त गर्ने व्यवस्था गरेको हुनुपर्ने,

(ङ) सहायक कम्पनीमा मुख्य कम्पनीको कम्तीमा ५१ प्रतिशत संस्थापक शेयर स्वामित्व रहेको हुनु पर्ने ।

आज्ञाले,
भेषराज शर्मा
सह-सचिव



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. १०।–
गो.हु.द.नं. १६।०६२।६३